# महालेखापरीक्षकको बार्षिक प्रतिवेदन

## २०७८

## शुद्धोधन गाउँपालिका, रुपन्देही ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल ।

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal


**लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः २०७८/७९
च.नं:-३१ मितिः २०७८।५।४

श्री अध्यक्षज्यू,
शुद्धोधन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही ।

**विषयः** - लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

**बोधार्थ तथा कार्यार्थ**
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंह दरबार काठमाडौ - प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

( लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८/७९

च.नंः.३१ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **शुद्धोधन गाउँपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. २ करोड ६९ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रू. २६ लाख २३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१५लाख ३५ हजार नियमित गर्नुपर्ने रु.२ करोड २७ लाख ९५ हजार रहेको छ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२(बाइस) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका

छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, गाउँ प्रमूख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

**शुद्धोधन गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो। लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ७ वडा, मनोनित २ समेत ३९ सभा सदस्य रहेका छन्। यस कार्यालयको कार्यक्षेत्र शुद्धोधन गाउँपालिका भित्र रहेको छ।

**स्थानीय सञ्चितकोष** - आर्थिक बर्ष २०७६/७७ को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत बर्षको जिम्मेवारी | | ५३४३२२०१.५६ | १ | चालु खर्च | २९९२५५८५५.७६ | २९९२५५८५५.७६ |
| | क) बैङ्क | ५३४३२२०१.५६ | | २ | पूँजीगत खर्च | १३५२२९१०९ | १३५२२९१०९ |
| २ | राजश्व (आन्तरीक आय) | | १०३९२०९८६.९५ | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | क)आन्तरिक राजश्व | ४६५८२३४८.०९ | | ४ | लगानी | | |
| | ख)राजश्व बाँडफाँड | | | ५ | धरौटी फिर्ता | १३३००० | १३३००० |
| | • संघिय सरकार | ५३९५२९०८.४८ | | ६. | कोष खर्च | | ४१४८३४३ |
| | • प्रदेश सरकार | ३३८५७३०.३८ | | ७ | सशर्त अनुदान फिर्ता | | ३५१४३९७४.९३ |
| ३ | वित्तिय हस्तान्तरण | | ३५३१२७०७५ | ८ | मौज्दात | | |
| | क) वित्तिय स. अनुदान | ११९१००००० | | | क) बैङ्क मौज्दात | | १०३३२९६०९ |
| | ख) सशर्त अनुदान | २१६५२७०७५ | | | • सञ्चित कोष | ५९५४४७२८.५१ | |
| | ग) समपुरक अनुदान | १२०००००० | | | • धरौटी खाता | ९४५२५६१ | |
| | घ) विशेष अनुदान | ५५००००० | | | •चालु खर्च खाता | २६८८१८४५.३१ | |
| ४ | प्रदेश सरकारबाट प्राप्तअनुदान | | ३४८४८००० | | •पूंजिगत खर्च खाता | ५५२५५९० | |
| | क) वित्तिय समानिकरण अनुदान | ४३५९००० | | | •कर्मचारी कल्याणकोष | ११५६९३३.२७ | |
| | ख) सशर्त अनुदान | ८०००००० | | | •विपद् व्यवस्थापन | ७६७९५१.२७ | |
| | ग) समपुरक अनुदान | ११२५०००० | | | | | |
| | घ) विशेष अनुदान | ११२३९००० | | | | | |
| ५ | विभिन्न कोष तर्फको आय | | ६०७३२२७.९१ | | | | |
| | क) कर्मचारी कल्याण कोष | १६६६४९२.२७ | | | | | |
| | ख) विपद् व्यवस्थापन कोष | ४४०६७३५.६४ | | | | | |
| ८ | धरौटी आय | | ९४५२५६१ | | | | |
| ९ | अन्य विविध आय | | १६३८५८४० | | | | |
| | क) सडक बोर्ड नेपाल | ९३४४०४ | | | | | |
| | ख) मालपोत रजिष्ट्रेसन र एल.जि.सि.डि.पी. अनुदान | १५४५१४३६ | | | | | |
| | **जम्मा** | | **५७७२३९८९२।४०** | | **जम्मा** | | **५७७२३९८९२।४०** |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **आय विवरण —** कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणको तयारी तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षण समक्ष पेश भएन। कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्; | |
| १.१. | संचित कोष खातामा आम्दानी जनाउँदा प्राप्तीको श्रोत सहित आम्दानी जनाउनुपर्नेमा कार्यालयले स्रोत नखोली बिभिन्न श्रोतहरुको आम्दानी भनी बैंक स्टेटमेन्टको आधारमा भौ.नं. ३-०७६।५।१८ बाट रु.२,३०,००,०००।- आम्दानी जनाएको छ। | |
| १.२. | राजश्व आम्दानीको छुट्टै बैंक खाता खोली दैनिक रुपमा उठेको राजश्व बैंक दाखिला गर्नुपर्नेमा उठेको राजश्व सिधै संचित कोष खातामा दाखिला गर्ने गरेको छ। राजश्व आम्दानीको लागि सफ्टवेयरको प्रयोग गरिएको र महिनाको अन्त्यमा सफ्टवेयरले देखाएको राजश्व संचित कोष खातामा आम्दानी जनाउने गरेको छ। | |
| १.३. | कार्यालयको राजश्व शाखाले विभिन्न शिर्षकमा उठेको राजश्व बैक दाखिला गर्दा शिर्षक खुलाई जम्मा गर्नुपर्नेमा सो गरेको देखिएन। | |
| १.४. | राजश्व आम्दानी गर्दा शिर्षकगत रुपमा र दैनिक उठेको रकमको विस्तृत विवरण सहितको जोडजम्मा गरी सोही अनुसार बैंक दाखिला गर्ने र बैंक दाखिला भौचरको आधारमा सञ्चित कोष दाखिला हुनुपर्नेमा सो अनुरुप हुने गरेको छैन। | |
| १.५. | प्राकृतिक श्रोत साधन बिक्रिवाट प्राप्त आय तथा बोलपत्र बिक्रिवाट प्राप्त राजश्व सिधै सञ्चितकोषमा दाखिला हुने गरेकोले संचित कोष हिसाव र बैंक हिसाव मिलान हुने गरेको छैन । | |
| १.६. | दैनिक उठेको राजश्व रकम भोलीपल्ट एकमुष्ट रुपमा बैंक दाखिला गर्नुपर्नेमा सो नगरी आंशीक रुपमा दाखिला गर्ने गरेको र महिनाको अन्त्यमा उठेको कूल राजश्व र बैंक दाखिला रकम बरावर हुने गरी दाखिला गर्ने गरेकोले यसमा सुधार हुनुपर्दछ। | |
| १.७. | सञ्चित कोष खाताबाट खर्च खातामा निकासा खर्च ट्रान्सफर गर्ने र खर्च खातामा पनि ट्रान्सफर आम्दानी जनाएर मात्र खर्च लेख्नुपर्नेमा हिसाव मिलाउने प्रयोजनको लागि आर्थिक वर्षको अन्त्यमा एकमुष्ट निकासा दिएको देखाउने गरेको छ। जस्तै संचित कोषखातावाट भौ.नं. ८१—०७७।३।३१ बाट रु.१,७०,००,०००।— पूँजीगत खर्च खातामा ट्रान्सफर गरेको, भौ.नं. ९२-०७७।३।३१ बाट गाउँपालिका राजश्व बाँडफांडमा रु.२३,५२,९०८।४८, आन्तरीक श्रोत खातामा रु.२,६६,९६,६०६।- समानिकरण चालुमा रु.१,११,६८,०५१।५२ समेत रु.४,०२,१७,५६६।- एकमुष्ट निकासा खर्च लेखी खर्च खाता शुन्य गरेको छैन । | |
| १.८. | **सञ्चित कोषको चौमासिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनुपर्दछ ।<br>उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| १.९. | **सुत्र प्रयोग सम्बन्धमा—** वित्तीय लेखाङ्कनको लागि कार्यालयले सुत्र सफ्टवेयर प्रयोग गरेपनि विनियोजित रकम पोष्टिङ गर्दा चालु, पुँजीगत, कार्यक्रम र योजनागत रुपमा पोष्टिङ्ग गरी सोही अनुरुप खर्च लेखाँङ्कन गर्नुपर्नेमा सो नगरी बजेट | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | शिर्षक अनुसार एकमुष्ट पोष्टिङ्ग गरेको छ । उदाहरणको लागि प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रमको पूँजीगत शिर्षकबाट खर्च लेख्दा डे.व.ख. प्रदेश सरकार सशर्त अनुदान लेख्ने गरेको छ। योजनागत रुपमा प्राप्त बजेट यसरी खर्च गर्दा खर्च नियन्त्रण हुने अवस्था छैन। | |
| १.१०. | **एकिकृत आय-व्यय विवरण :-** कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन। जस्तै गाउँपालिकाको एकिकृत आय-व्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन। | |
| १.११. | विपद् व्यवस्थापन र आई.ई.ई वापत सभाले एकमुष्ट रु.१ करोड ५० लाख बजेट विनियोजन गरेकोमा शिर्षकगत खर्च नछुट्टाई विनियोजित बजेटको आधारमा मिल्दोजुल्दो खर्च एउटै शिर्षकवाट लेख्ने गरेको छ। उदाहरणको लागि दमकल तथा विपद् व्यवस्थापन आईई शिर्षकवाट आर्थिक सहायता। | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २. | **लक्ष्य प्रगति—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त ऐन बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। तोकिएको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नु पर्दछ। | |
| ३. | **चौमासिक खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु. १३ करोड ५२ लाख २९ हजार ( मध्ये तेश्रो चौमासिकमा रु. १० करोड ३८ लाख ८६ हजार र आषाढ महिनामा रु.८ करोड ६७ लाख १० हजार खर्च भएको पाइयो। उपर्युक्त तथ्याङक अनुसार तेस्रो चौमासिकमा कूल खर्चको ७६.८१% र आषाढमा ६४.१२% खर्च भएको देखियो। आर्थिक बर्षको अन्त्यमा काम गर्दा मूल्याकंन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना तयार गरी योजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ। | |
| ४. | **सेवा प्रवाह —** सुशासन (व्यवस्थापन तथा संचालन ) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण ,सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने ब्यवस्था छ ।<br>कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष ९३ घरनक्सा पास १५३२ ब्यक्तिगत घटना दर्ता जस्ता सेवा प्रवाह गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन। अतः जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| ५. | **कर्मचारी व्यवस्था —** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकामा रहने कर्मचारी दरवन्दी १०८ रहेता पनि पदपूर्ति ९१ रहेको देखियो। प्राविधिक कर्मचारी इञ्जिनीयर सहित ५ पदमा करार नियुक्त गरेको छ। रिक्त पदमा स्थायी पदपुर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ। | |
| ६. | **वडा सचिवको पदपूर्ति -** गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवहरुको दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । कार्यालयले पेश गरेको विवरण अनुसार ७ वडा कार्यालयमा ७ जना वडा सचिवको दरबन्दी रहेकोमा ५ पदपूर्ति भई २ रिक्त रहेको छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ। | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ७. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको काम र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न १२ पदमा ३३ जना कर्मचारीहरु करारमा राखि रु. ७०,००,०००।- खर्च लेखेको छ। सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ७ पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२७,९३,३३५।- भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु. | २७९३३३५/- |
| ८. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ।स्थानीय तहले कानून नबनाई यो बर्ष रु.१३,७१,३८५।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | १३७१३८५ |
| ९. | **निवेदन फछ्यौट** — स्थानीय जनतालाई नजिकको निकायबाट न्याय सम्पादन गर्ने उद्देश्यले स्थानीय गाउँपालिकाको न्यायिक समितिबाट छिटो निवेदन फछ्र्यौट गरी शीघ्र न्याय दिनको लागि परेका निवेदन तथा उजुरी समयमै फछ्यौट हुनुपर्दछ । आर्थिक बर्ष २०७६।७७ मा न्यायिक निर्णयको लागि ५८ निवेदन परेकोमा ५८ फछ्यौट भएको विवरण पेश गरेको छ। | |
| १०. | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ९ वटा ऐन, ४ वटा नियमावली लगायत १३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोमा राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ११. | **आन्तरिक नियन्त्रण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कायांलयले कायंविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्;<br>क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>ख) **आर्थिक विवरण** — आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७७ माघ) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ ।<br>ग) गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै गाउँपालिकाबाट यस बर्ष सञ्चालित | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
| --- | --- | --- |
| | कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक स्विकृत कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। | |
| | घ) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भएको पाईयो। | |
| | ङ) गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई सामान वितरण गरेको पाईयो। | |
| | च) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन। | |
| | छ) कर भुक्तानीको ईटिडिएस गरेको पाइएन। | |
| | ज) कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। | |
| | झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गरेको पाईएन। | |
| | ञ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । | |
| | ट) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसवर्ष कार्यसम्पन्न भएका विभिन्न योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। | |
| | ठ) संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट स्विकृत भएका विभिन्न योजना निर्माण गर्न गठन भएका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार दर्ता गरेको पाईएन । | |
| | ड) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन । | |
| | ढ) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । | |
| | ण) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन, | |
| | त) **कार्यविवरण** — कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा दिएको देखिएन, | |
| | थ) **अभिलेख** —कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । | |
| | द) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, तथा स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख भएको पाइएन । | |
| | ध) निर्माण कार्यको नापी किताव तयार गरी उक्त नापी कितावलाई अद्यावधिक गरी राख्नुपर्नेमा नापी लुज पेपरमा भर्ने गरेको पाइयो ।योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन। | |
| | न) सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेपनि खरिद योजनाको पूर्ण पालना गरी खरिद कार्य गरेको देखिएन । | |
| | प) राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन । | |
| | फ) गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन । | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
| --- | --- | --- |
| | कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ। यस सम्बन्धमा कार्यविधि बनाई क्रमश सुधार गर्ने कार्यालयको भनाई रहेको छ। | |
| १२. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।गाउपालिकाको मिति २०७६।३।१० गते रु.४६ करोड ८९ लाख ८५ हजारको बजेट प्रस्तुत भई मिति २०७६।३।१२ मा पारित गरेको र २०७६।३।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ। | |
| १३. | **कन्टिन्जेन्सी खर्च अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी कट्टा गरेतापनि कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख राखेको छैन। | |
| १४. | **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
| --- | --- | --- | --- | --- |
| १ | आर्थिक विकास | २५९७५००० | १२७४१७५६ | ३.३५ |
| २ | पूर्वाधार विकास | २२८०४१८२२ | १०८४५०८४५ | २८.४८ |
| ३ | सामाजिक विकास | १३४९८७००० | ११४५३४०६२.६७ | ३०.०८ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३६२१५५७ | १०२१२९४३ | २.६८ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १९५८४९५१ | १३४८१७८८३.०९ | ३५.४१ |
| | जम्मा | ४२२२१०३३० | ३८०७५७४८९.७६ | |

| | | |
| --- | --- | --- |
| | विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३०.०८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटीमा २.६८ प्रतिशत रहेको छ भने वातावरण तथा विकास तर्फ बजेट नै विनियोजन गरेको छैन । | |
| १५. | **खर्च बिश्लेषण** - पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४,६५,८२,३४८।०९ राजस्व बाँडफाँड र अनुदानबाट रु.४१,३३,१७,९८६।- समेत रु. ४५,९९,००,३३४।- आम्दानी भएकोमा चालु तर्फ रु. २९,९२,५५,८५५।७६ र पूँजिगत तर्फ रु.१३,५२,२९,१०९।- समेत रु. ४३,४४,८४,९६५।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.७२ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सबिधामा रु. ४८,७८,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १०.४७ प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२ प्रतिशत चालु र ३३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्रास अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ। | |

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>१६.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td>योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा</td><td></td></tr>
<tr><td>१७.</td><td>खरिद कारवाही अभिलेख — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ। अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१८.</td><td>ठेक्का व्यबस्थापन - सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ;<br>(रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td></td><td>३</td><td>१२०९</td><td>५</td><td>७२२५</td><td>१९</td><td>९०२७०</td></tr>
</table>
कार्यालयबाट तेश्रो चौमासिकमा भएका ठेक्काहरुको विवरण माग भएकोमा उपलव्ध भएन ।</td><td></td></tr>
<tr><td>१९.</td><td>विद्युतीकरण खर्च — सवै नागरीकहरुलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो। विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ। बिद्युत, टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरेवापत सेवा शुल्क लिने समेत गर्दछ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले नगरी सो कार्यमा कार्यालयले विद्युत पोल, तार खरिद तथा तार तान्ने कामको लागि यसवर्ष रु. १७,५०,०००।—खर्च गरेको छ । विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा प्रयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी समेत प्राप्त गरेको छैन। अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा गाउँपालिकाले बजेट विनियोजन गरि कार्यान्वयन गर्नु अगावै सम्बन्धित निकायसँग समन्वय गरेर मात्रै खर्च गर्ने तथा प्राप्त हुने लाभको यकिन गरेर मात्रै</td><td></td></tr>
</table>

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। | |
| २०. | **योजना छनौट र विनियोजन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय -व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ। ऐनको दफा १९ मा सभाको वैठक सामान्यतया बर्षमा २ पटक बस्ने व्यवस्था छ। जस अनुसार आषाढको सभाले बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारीत गर्ने कानूनको मनसाय र संघीय सरकारको प्रचलन समेत रहेको छ। कार्यपालिको शिफारिस अनुसार मिति २०७६।११।१४ मा बसेको छैटौं गाउँसभाले पांचौ सभावाट विनियोजन भई बचत तथा मौज्दात रकम, म्याचिङ तथा योजना संशोधन गरी बचत भएको रकवाट रु.३,७५,००,०००।- को थप बजेट बनाई दोस्रो सभावाट १८ योजना र बिबिध चालु, बिबिध योजना, कार्यालय व्यवथापन, पदाधिकारी सुविधा लगायतमा बजेट विनियोजन गरी पारित गराएको देखियो। योजना तर्जुमा गर्दा योजना छनौटका प्रक्रिया पूरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई हिउँदे सभावाट अनुमोदन गर्न पूरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो। योजना छनौटका प्रक्रिया पूरा गरी असार १० गतेभित्रको सभाले मात्र योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान जानु पर्ने देखियो । | |
| २१. | **योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्।<br><table><tr><td>रु. १ लाख सम्म</td><td>रु. १ लाख देखि २ लाखसम्म</td><td>रु. २ लाखदेखि ५ लाखसम्मका</td><td>रु. ५लाख देखि १० लाखसम्मका</td><td>रु. १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>३६</td><td>३३</td><td>४५</td><td>३०</td><td>२६</td><td>१७०</td></tr></table>विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि १० लाख सम्मका जम्मा १७० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३६ वटा योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ। | |
| २२. | **योजना परिवर्तन –** योजना तर्जुमा प्रक्रिया पूरा गरी सभावाट पारित योजना कार्यान्वयन गर्दा जुन योजनाको लागि बजेट विनियोजन भएको हो सोही योजना कार्यान्वयन गरिनु पर्दछ। यसवर्ष पाँचौ गाउँसभाले स्वीकृत गरेको ९ योजना तथा कार्यक्रममा विनियोजित रकम रु. ७५,५०,०००।- कार्यान्वयन नगरी कार्यपालिकाको सिफारिश बमोजिम संशोधन गर्नुपर्नाको कारण समेत उल्लेख नगरी सभावाट अनुमोदन गरेको छ। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ। | |
| २३. | **फरक योजना कार्यान्वयन –** आर्थिक कार्यविधि तथा बित्तिय उत्तदरदायित्व ऐन, २०७६ को दफा २४ अनुसार योजना कार्यान्वयन गर्दा स्वीकृत बजेट र कार्यक्रम अनुसार गराउनुपर्नेमा गाउँपालिका पूँजीगतबाट सोलार खरिद शिर्षकमा विनियोजन भएको बजेटवाट सिंगापुर देखि पेडरानी कूलोमा सिंचाई फाटक निर्माण गरेको भनी भौ.नं. १२९–०७७।३।२७ बाट रु. १,००,०००।– खर्च लेखेको नियमसम्मत नदेखिएको रु. | १,००,०००/- |

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>२४.</td><td>बजेट विनियोजन — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौतिक पूर्वाधार विकास शिर्षकबाट कार्यक्रम नतोकि एकमुष्ट रुपमा चालु र पूँजीगत बजेट विनियोजन गरेको छ । विनियोजन गर्दा ७ वटै वडाको लागि पूँजीगत तर्फ विविध योजनामा रु. १७ लाख ५० हजार र चालु तर्फ रु. १० लाख ५० हजार समेत रु. २८ लाख विनियोजन गरी विनियोजित बजेट साना तिना मर्मत, पूजा तथा आर्थिक सहायतामा खर्च गरेको छ। बजेट विनियोजन गर्दा उत्पादनमूलक तथा प्रतिफल प्राप्त गर्ने योजनामा मात्र विनियोजन गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>२५.</td><td>आर्थिक सहायता — आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा कार्यालयले कार्यविधि र मापदण्ड तयार गरी सोही अनुरुप आर्थिक सहायता प्रदान गर्नुपर्दछ। कार्यालयले यसवर्ष संघीय सरकार बित्तय समानिकरण शिर्षकमा विनियोजित रकमवाट रु. ६६,०००।— आर्थिक सहायता प्रदान गरेको छ। आर्थिक सहायता प्रदान गर्दा स्वास्थ्य सम्बन्धमा सहायता लिने मानिसको निवेदन, डाक्टरले जाँच गरेको कागज तथा आगलागी पिडितको लागि प्रहरी मुचुल्का लगायत प्रमाणित कागजात पेश भएपछि मात्र सहायता प्रदान गर्नुपर्नेमा निवेदनको आधारमा अध्यक्षवाट तोक लगाई दिने गरेको देखियो। घर आगलागीवाट पिडित र खेतको परालमा आगलागी भएकोलाई समेत एकै दरमा सहायता दिएको छ। कार्यविधि तथा मापदण्ड बनाएर र सम्बन्धित शिर्षकवाट मात्र खर्च लेख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>२६.</td><td>अवण्डा — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार बजेट पेश गर्ने र पारित गर्ने सम्बन्धी व्यवस्था छ। उक्त व्यवस्था विपरीत यसवर्ष गाउँपालिकाले विविध चालु र पूँजीगत शीर्षकमा रु.३५,००,०००।- अवण्डा राखी कार्यपालिकाको बैठकवाट ७ वडाका योजना तथा कार्यक्रममा बांडफांड गरी संचालन गरेको देखियो। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२७.</td><td>सर्भे तथा डि.पि.आर — सार्वजनिक खरिद नियमावली, २०६४ मा २० लाख सम्म लागत अनुमान भएको परामर्श कार्य मौजुदा सूचीवाट ३ देखि ६ परामर्शदाता कम्पनीको प्रस्ताव लिई कार्य गराउनु पर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ।कार्यालयले निम्नानुसारको कामको लागि प्रस्तावदातासँग पत्रद्धारा प्रस्ताव माग गरी परामर्श सेवा लिएकोमा लागत अनुमान तयार नगरेको, प्रस्तावदाताले पेश गरेको दरमै खरिद गरेको तथा मौजुदा सूचीमा दर्ता नभएका समेतबाट प्रस्ताव लिई कार्य गराई भुक्तानी दिएको रु.९,९२,९५०।—नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>कामको विवरण</th><th>परामर्श दाता</th><th>खर्च रकम</th></tr>
<tr><td>३७-०७६।११।२६</td><td>वडा नं. ३ को वडा कार्यालय भवनको डिपिआर</td><td>फ्लोयड विल्डर्स एण्ड इन्जिनियर्स</td><td>४९७४५०</td></tr>
<tr><td>३७-०७६/११/२६</td><td>बसपार्क निर्माण डि.पि.आर</td><td>माउण्ट डिजाइन एण्ड कन्स्ट्रक्सन</td><td>४९५५००</td></tr>
<tr><td colspan="3">जम्मा:</td><td>९९२९५०</td></tr>
</table></td><td>९९२९५०।-</td></tr>
<tr><td>२८.</td><td>अमानत कार्य— सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाईजस्ता कार्य अमानतवाट गराउन वा उपभोक्ता समितिवाट काम गराउन सकिने र यसरी कार्य गर्दा वा गराउंदा कार्यविधिले तोके बमोजिम गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष निम्नानुसारको मर्मत कार्य अमानतवाट गराएकोमा नियम तथा कार्यविधिको पालना नगरी कर्मचारीहरु मार्फत गराई भुक्तानी दिएको छ। कार्यालयमा कर्मचारीहरुको अभाव भएको तथा कार्यालय बाहिरको निर्माण तथा मर्मत कार्य भएको अवस्थामा समेत अमानतमा कार्य नगराई कर्मचारी मार्फत काम गराएको तथा एउटै कर्मचारीलाई पनि बिभिन्न ठाउंको मर्मत तथा निर्माण कार्य गर्न पटक पटक रकम उपलव्ध गराएको नियमसम्मत नदेखिएको रु.</td><td>६८७५९८/-</td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ.नं. मिति</th><th>कामको विवरण</th><th>कर्मचारीको नाम</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th><th>ब.उ.शी.नं.</th></tr>
</table></td><td></td></tr>
</table>

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३-०७६/६/१४ | भगलापुर अवस्थित धनपाल थारु समेतको स्टालो ट्यूववेल | होम बहादुर चौधरी | २०००० | २०००० | गा.पा. पूँजीगत |
| १५-०७६/८/६ | खगावाँ अवस्थित रामराज बराई घरछेउ स्यालो ट्यूववेल | ,, | २७६७५ | २७६०० | ,, |
| २७-०७६/११/११ | मधुवनी बसन्तराम भर र मगलापुर रेश्मी कुमारी थारुको घर नजिक हेन्ड पम्प | ,, | ३४६६९ | ३३७०० | ,, |
| २८-०७६/११/१३ | बिद्युत लाई विस्तार वडा नं. २ र ५ स्थित भुजौली बजार | लक्ष्मण प्रसाद ज्ञवाली | १७९१९० | १८४००० | ,, |
| ३९-०७६/१२/३ | वडा नं. ७ मा सडक मर्मत | होम बहादुर चौधरी | ५३९४१ | ५०००० | ,, |
| २-०७६/६/८ | वडा नं. २ अन्तर्गत भुसंरक्षण कार्यक्रमको सामान खरिद | लक्ष्मण प्रसाद ज्ञवाली | | ८६५४० | संघिय सरकार वित्तिय समानिकरण |
| ३-०७६/६/१६ | मठ मन्दिर संरक्षण | पूर्ण प्रसाद अर्याल | | ६४००० | ,, |
| २८-०७६/१२/५ | बिरुवा संरक्षण जाली वडा नं. २ | लक्ष्मण ज्ञवाली | ५८१०७ | ५९९०० | ,, |
| ४५-०७७/१/३० | बडा नं १ को कूलो मर्मत | पूर्ण प्रसाद अर्याल | १८२०१९ | १६१८५८ | ,, |
| **जम्मा** | | | | **६८७५९८** | |

२९. **म्याद थप —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ३ बमोजिम सम्झौता बमोजिम म्याद थप गर्न मनासिव देखिएमा शुरु सम्झौताको १५ प्रतिशत अवधि सम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा बढी २५ प्रतिशत सम्म म्याद थप गर्नुपर्ने भएमा बिभागीय प्रमुखले म्याद थप गर्न सक्ने व्यवस्था छ। कार्यालयले व्यवस्थापन गरेको ठेक्का आर्थिक वर्ष २०७६।७७ मा सम्पन्न गर्नुपर्नेमा म्याद भित्र समाप्त नभएकोमा नियम विपरित कार्यापालिकाको निर्णय अनुसार म्याद थप भएको छ। म्याद थपको लागि निवेदन, स्वीकृतीको व्यहोरा सम्बन्धित ठेक्का फाईलमा नभएको, पेश्की जमानत, कार्यसम्पादन जमानत, बिमा अवधि समेत ख्याल नगरी तथा म्याद थप भएको व्यहोरा सम्बन्धितलाई जानकारी समेत नदिई नियम विपरित म्याद थप गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३०. **ठे.नं. एनसिवि १।२०७५।७६ —**गाउँपालिका पूंजीगत कार्यक्रम तर्फ कार्यालयको लागत अनुमान रु.१,०४,०१,९४२।— रहेको वडा नं. ४ को कार्यालय भवन दिव्य कन्स्ट्रक्सन एण्ड निर्माण सेवाले गरेको कवोल अंक रु.७४,८६,१९६।८९(मू.अ.कर समेत) मा मिति २०७७।२।२४ मा सम्पन्न गर्नेगरी मिति २०७५।१२।२५ मा भएको सम्झौता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

क) सम्झौता अवधि समाप्त भइसकेको उक्त निर्माण कार्यको बित्तिय प्रगति ७०.९१ प्रतिशत रहेको छ । कार्यालयले उक्त निर्माण कार्यको म्याद २०७७।६।३० सम्म थप गरेको छ ।

ख) लागत अनुमानमा प्रोभिजन सम रु.९५,०००।— रहेको उक्त निर्माण कार्यमा निर्माण व्यवसायीले बिमाको लागि एल. एस. रु.२५,०००।— राखेकोमा हालसम्म विमा गरेको देखिएन ।

ग) निर्माण सामग्रीको प्रयोगशाला परीक्षण नगरेको ।

विल अफ क्वाण्टीटी र सम्झौतामा उल्लेखीत भएको कार्य गरी समयमै कार्यसम्पन्न गर्न कार्यालयको ध्यान जानु पर्दछ।

३१. **ठे.नं. एसआरएम ३।२०७६।७७ —** प्रदेश सरकारवाट हस्तान्तरीत पूंजीगत कार्यक्रम तर्फ कार्यालयको लागत अनुमान रु. १,१०,१४,९२५।—( मू.अ.कर र कन्टेन्जेन्सी बाहेक) रहेको बहुउद्देश्यीय सभाहल सवैभन्दा कम कवोल गर्ने श्रीकृष्ण कन्स्ट्रक्सनले गरेको कवोल अंक ७५,५४,३२४।— मा मिति २०७७।३।३ मा सम्पन्न गर्नेगरी मिति २०७६।२।२ मा सम्झौता भएकोमा तेस्रो रनिङ्ग विलसम्म रु. ३५,५१,११३।— भुक्तानी भएको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

क) बित्तिय प्रगति ४७ प्रतिशत भएको उक्त योजना सत् प्रतिशत समय समाप्त हुंदा समेत सम्पन्न भएको छैन ।

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | ख) कार्यालयले मिति २०७७।७।२५ सम्म म्यादथप गरेपनि बजेट स्रोतको सुनिश्चितता भएको देखिएन<br>ग) म्याद थप गर्दा पेश्की जमानतको म्याद थप गरेपनि विमा अवधि थप गरेको देखिएन ।<br>घ) कार्यालयले समयमा कार्यसम्पन्न गराउन ताकेता समेत गरेको देखिएन ।<br>अतः निर्माणाधित सभाहल बजेटको सुनिश्चितता गरी समयमै सम्पन्न गराउन गाउँपालिकाले पहल गर्नुपर्दछ । | |
| ३२. | **वितरणमुखी कार्यक्रम —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ ।कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यालयले व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको देखिन्छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान नगरी तथा कार्यालयले वितरणको कार्यविधि समेत तयार नगरी समूहको सिफारीस वेगर, दामासाही वितरण गरेको, खरिद गरिएको विउ विजन कृषि अनुसन्धान परिषद्ले सिफारिश गरेको जात भए नभएको, कृषकको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखी तथा दिगो उपयोग र संरक्षण व्यवस्था नगरी अनुदान दिने कार्य उचित नदेखिएको रु. | २५९७२९०/- |

| भौ नं. मिति | सहयोगको विवरण | अनुदानको रकम |
|---|---|---|
| ११३।२०७६-०८-०६ | करेसबारी बिउ वितरण | ३५,०००।- |
| १४।२०७६-०२-०८ | करेसबारी बिउ वितरण | ३५,०००।- |
| ११४।२०७६-०८-१६ | परजिवी नियन्त्रण | २,०२,२२०।- |
| २०।२०७६-३-२४ | परजिवी नियन्त्रण | २,००,०००।- |
| १२५।२०७६-०९-१५ | गहुँको बिउ वितरण कार्यक्रम | ३,६१,०००।- |
| १०।२०७६-१०-१६ | आकस्मिक बाली संरक्षण अनुदान | ३४,४३५।- |
| ११।२०७६-१०-१८ | च्याऊको बिउ वितरण | ५०,०००।- |
| १३।२०७६-११-३० | घासँ विकास कार्यक्रम | १,९९,९८०।- |
| २४।२०७७-०३-२६ | पशुफार्म यान्त्रिकरण | ३,००,०००।- |
| ५।२०७६-८-१६ | गहुको बिउ वितरण | ५,००,५००।- |
| १०।२०७६-०९-२७ | कम्बल वितरण | ९९,९८२। |
| १९।२०७६-१०-२६ | ह्याण्ड पम्प वडा नं. १ वडा सचिव पूर्ण प्रसाद अर्याल मार्फत खरिद | १,३२,१४६।— |
| १३।२०७६-०६-०८ | नेपाल जनजाती महासंघ | २४,६२५।- |
| १५।२०७६-०६-१४ | सुनगाभा सामुदायिक विकास केन्द्र | ३१,५००।- |
| ४७।२०७६-१०-२४ | फर्साटिकर युवा क्लव खेलकुद सामाग्री वितरण | २,१४,७२२।- |
| ५४।२०७६-११-१२ | मानपकडी युवा क्लव खेलकुद सामाग्री वितरण | १,७६,१८०।- |
| | जम्मा | २५,९७,२९०।- |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ३३. | **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। गाउँपालिकाले उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.४,४२,६९२।- खर्च गरेको छ। | |
| ३४. | **जलउपभोक्ता संस्थाको भुक्तानी —** कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम भित्र नपरेको योजनामा विनियोजित बजेट खर्च गर्न मिल्दैन। भैरहवा लुम्बिनी जल सिंचाई व्यवस्थापन र निम्नानुसारका जल उपभोक्ता समिति विच भएको सम्झौता अनुसार उपआयोजनाहरुमा मोटर जडान र मर्मत कार्यको लागि उपभोक्ता संस्थाको तर्फवाट आफ्नै स्रोत साधन प्रयोग गरी सम्पन्न गर्नुपर्ने देखिन्छ । व्यवस्थापन कार्यालयले तयार पारेको लागत अनुमान अनुसार उपभोक्ता समितिले जुटाउनुपर्ने सहभागिता रकम कार्यालयले उपलब्ध गराएको छ। संघीय सरकार समानिकरण अनुदानवाट गाउँपालिकाको लागत नरहेको र अर्को संस्थासंग भएको सम्झौता अनुसार उपभोक्ता समिति स्वयंले व्यहोर्नुपर्ने खर्च गाउँपालिकाबाट खर्च लेख्न मिल्ने नदेखिएकोले असूल हुनुपर्ने रु. | ३,१२,७१०।- |

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>भौ.नं. मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>५७-०७७/३/१</td><td>बनघुसरी जल उपभोक्ता समिति</td><td>१७००००</td></tr>
<tr><td>१०५-०७७/३/२३</td><td>पश्चिम मैनहिया १५ नं. बोरिङ जलउपभोक्ता समिति</td><td>१४२७१०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३१२७१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५.</td><td>बार्षिक गाउँ विकास योजना २०७६।७७ को नीति, कार्यक्रम र बजेट विनियोजन अनुसार खानेपानी तथा सरसफाई स्वच्छता कार्यक्रममा विपन्न समुदायलाई मागको आधारमा खानेपानी हेण्ड पम्प जडान अन्तर्गत संघिय सरकार समानीकरण अनुदानवाट रु.५ लाख विनियोजन गरको छ। मागमा आधारित योजना कार्यान्वयन गर्दा लाभग्राही व्यक्तिवाट निवेदन, वडा कार्यालयको सिफारिश लगायतको आधारमा आवश्यक परिमाण यकिन गरी खरिद पक्रिया अवलम्वन गर्नुपर्नेमा सो वेगर किशान ट्रेडिङ प्रा.लि.वाट २५६२ मिटर ४८ एमएम को पाईप खरिद गरी भौ.नं.१४१—२०७७।३।२८ बाट रु.४,९९,०५५।— भुक्तानी दिएको छ। खरिद गरिएको पाइप जिन्सी दाखिला गरेकोमा ४२ मिटर पाईप गाउँपालिकाको प्रशासकिय भवनमा प्रयोग गरे पनि बाँकी पाइप मौज्दातमै रहेको छ। कार्यक्रमको उद्देश्य पुरा नहुने गरी सामग्री खरिद गरी खर्च लेखेको उचित नदेखिएको रु.</td><td>४,९९,०५५।-</td></tr>
<tr><td>३६.</td><td>आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा विनियोजन ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यविधिको अधिनमा रहि बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी लेखा उत्तरदायी र मातहत जिम्मेवार पदाधिकारीको रहने व्यवस्था छ। कार्यालयको स्वीकृत कार्यक्रम अनुसार कुवारी पम्प हाउज भै.ल.भु.ज साझेदारी (निर्माण) शिर्षकमा रु.५ लाख बजेट विनियोजन गरेकोमा वडा नं. ५ को वडा कार्यालयले जल उपभोक्ता समितिको निवेदनको आधारमा विद्युत महसुल भुक्तानी गर्न सिफारिस अनुसार रु.१,३५,०२८।- खर्च लेखेको छ । स्वीकृत बजेट र कार्यक्रम विपरीत खर्च लेखेको नियमसम्मत नदेखिएको रु.</td><td>१,३५,०२८।-</td></tr>
<tr><td>३७.</td><td>बिबिध खर्च — आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र मितव्ययी तरीकाले खर्च लेख्नु पर्दछ। कार्यालयले मुख्यमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रमको भौ.नं.१७—२०७७।३।२८ बाट रु.१,९५,४०७।— खर्च लेख्दा प्रयोजन नखुलाई व्याग ५ पीसको रु.२६,८३७।५०, रेनकोट १० पिसको रु.७१,१९०।— खाजा खर्च रु.२८,१९०।-, इन्धन रु.१५,०००।- लगायतमा खर्च लेखेको छ । महंगा मूल्यमा सामान खरीद गर्ने र प्रयोजन वेगर खर्च लेख्न मिल्ने नदेखिएको रु.</td><td>१,९५,४०७।-</td></tr>
<tr><td>३८.</td><td>सोझै खरिद — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)अनुसार रु ५ लाख रुपैया सम्म लागत अनुमान भएको मालसामान, नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढि सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ। नमुना छनौटका अधारमा परीक्षण गर्दा विभिन्न कार्यालय सामान तथा फर्निचरहरु विभिन्न मितिमा एकै फर्म लोयल कम्प्युटर सप्लायर्स सँग पटक पटक गरी रु.६,३७,४९८।- को सोझै खरिद गरेको देखियो। नियमावली विपरीत प्रतिस्पर्धात्मक खरिद कार्यलाई प्रभाव पार्ने गरी भएको यस प्रकारको खरिद नियम सम्मत नदेखिएको रु.</td><td>६३७४९८।-</td></tr>
<tr><td>३९.</td><td>खरिद योजना — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए वमोजिम खरिदको वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले योवर्ष वार्षिक खरिद योजना तयार नगरेकोले कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्ष यकिन गर्न सकिएन। खरिद योजना वेगर खरिद भएका केही उदाहरण निम्नानुसार छन्:</td><td></td></tr>
</table>

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| ब उ शी न | सामानको नाम | खरिद मुल्य |
|---|---|---|
| ८०५४८५१०५०१ | Colour Doppler Ultrasound Machiine (शिलबन्दी दरभाउपत्र बाट खरिद ) | २३६६२२०। |
| | X-Ray machine (शिलबन्दी दरभाउपत्र बाट खरिद ) | ९७७४५०। |
| | Computed Radiography system (CRMachine)(शिलबन्दी दरभाउपत्र बाट खरिद ) | १५०२९००। |
| | जम्मा | ४८४६५७०। |

४०. **संस्थालाई अनुदान –**शुद्धोधन गाउपालिकाको टोल विकास संस्था संचालन कार्यविधिमा टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागी गर्नुपर्ने कार्यहरुको व्यवस्था गरेको छ। उक्त कार्यविधीको बुदां नं. (७) मा वडा समितिले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरिक्षण गराउनुपर्ने र बुदां नं. (२) मा संस्थाले आफ्नो लेखापरिक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार ८ वटा टोल विकास संस्थाहरुलाई देहाय बमोजिमको कृषि विकास बैक, फर्साटिकरको खातामा एकमुष्ठ रकम जम्मा गरेको छ। अनुगमन प्रतिवेदन नभएको, लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले समग्र विकास र सदस्यहरुको हितका लागी गर्नुपर्ने काम गरेको, अनुदान रकमको परिचालन सही रुपमा भएको कुरामा विश्वस्त हुने आधार देखिएन। कार्यविधी अनुसार टोल विकास संस्थाले सम्पादन गरेको कार्यको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. — १७७३००।-

| !सि.न | टोल विकासको नाम | रकम |
|---|---|---|
| १ | रमावापुर टोल विकास संस्था | १९७००।- |
| २ | जनकपुर टोल विकास संस्था | १९७००।- |
| ३ | दोगना सियाभार टोल विकास संस्था | १९७००।- |
| ४ | बेतहानी टोल विकास संस्था | १९७००।- |
| ५ | बेतही टोल विकास संस्था | १९७००।- |
| ६ | चारपाटा वासघारी टोल विकास संस्था | १९७००।- |
| ७ | बुद्धज्योति टोल विकास संस्था | १९७००।- |
| ८ | दोगना संगम टोल विकास संस्था | १९७००।- |
| ९ | रमावापुर गाउँ टोल विकास संस्था | १९७००।- |
| जम्मा | | १७७३००।- |

४१. **कानुनी सहजकर्ता -** गाउँपालिकामा उपाध्यक्षको नेतृत्वमा न्यायिक समिति रहने र सो समितिले मात्र न्यायिक निरुपण गर्नु पर्दछ । कार्यालयले वडा स्तरीय कानुनी सहजकर्तालाई वडामा मेलमिलाप समित गठन गरी मेलमिलाप गराए बापत बैठक भत्ता खर्च लेख्ने गरेको छ। वडास्तरीय कानुनी सहजकर्तालाई वडामा मेलमिलाप गराए वापत बैठक भत्ता दिने कानुनी आधार नभएकोले असुल गर्नुपर्ने रु. — २३,८००।-

| गौ .न | पदाधिकारीहरुको नाम थर | बैठक संख्या र दर | भुक्तानी रकम कर बाहेक |
|---|---|---|---|
| ११२।२०७७।३।१६ चालु | कालिदास खनाल | १४।५०० | ५९५०।- |
| | पुनम थारु | १४।५०० | ५९५०।- |
| | सुजाता शर्मा | १४।५०० | ५९५०।- |
| | सुरेश लोध | १४।५०० | ५९५०।- |
| | | | २३८००।- |

४२. **तालिम सञ्चालन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ मा, गैरसरकारी सङ्घ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले स्थानिय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने र सहकार्यको संयक्त अनुगमन गरी प्रगति प्रतिवेदन बनाउने व्यवस्था रहेको छ। गाउँपालिकाले देहायका तालिम संस्थाहरुबाट गरी खर्च लेखेकोमा तालिमको सञ्चालनको अवस्था, सहभागिता, सम्पन्न एवं प्रभावकारीताको बारेमा अनुगमन गरेको छैन। तत् सम्बन्धमा सुधार गर्नुपर्ने देखिन्छ।

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| गौ .न र मिति | संस्थाको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| ५२।२०७६-१०-२९चालु गापा | खडवा बनगाइ सामदायिक केन्द | कम्पुटर तालिम | २,००,०००।- |
| ७८।२०७६-१-१६चालु गापा | खडवा बनगाइ सामदायिक केन्द | तलब | २,४०,०००।- |

४३. **फिल्ड भत्ता -** कार्यपालिकाले मिति २०७५।१२।२६ को बैठकबाट दैनिक ज्यालादारीमा कार्यरत अमिन राम वचन केवटलाई २५% फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरेको छ। नमुना छनोट गरी परीक्षण गर्दा कार्यपालिकाले निर्णय नगरेका दैनिक ज्यालादारीमा कार्यरत निम्न कर्मचारीहरुलाई फिल्ड भत्ता बापत रु. ५१,०१५।- भुक्तानी गरेको छ। कार्यपालिकाको निर्णयवेगर खर्च लेखेको रकम असुल गर्नुपर्ने रु.

रकम: ५१,०१५।-

| नाम पद | अवधि | २५ फिल्ड भत्ता | भुक्तानी रकम कर बाहेक रु |
|---|---|---|---|
| राजन गौतम इन्जिनियर | मंसिर देखि फागुन सम्म | ३३,२००।- | ३२,८६८।- |
| विष्णु चौधरी सव इन्जिनियर | मंसिर देखि फागुन सम्म | १८,३३०।- | १८,१४७।- |
| जम्मा | | | ५१,०१५।- |

४४. **प्रोत्सहान भत्ता -** कार्यालयले कार्यक्षेत्र वाहिरका कर्मचारीलाई प्रोत्सहान भत्ता भुक्तानी गरि खर्च लेख्नु हुदैन।नमुना छनोटका आधारमा परीक्षण गर्दा जिल्ला हुलाक कार्यालयबाट नियमित रुपमा पारिश्रमिक पाउने निम्न कर्मचारीहरुलाई प्रोत्सहान भत्ता भुक्तानी गरि खर्च लेखेको छ। फरक कार्यक्षेत्र भएका कर्मचारीलाई प्रोत्सहान भत्ता खर्च लेख्ने आधार नभएकाले असुल गर्नुपर्ने रु.

रकम: ५१,९७५।-

| नाम पद | अवधि | प्रोत्सहान भत्ता | भुक्तानी रकम कर बाहेक १% |
|---|---|---|---|
| पुजारी यादव डाकं बाहक | कात्तिक देखी पुस सम्म | १२०००।- | ११८८०।- |
| भुलइ बेल्दार पत्र वितरक | कात्तिक देखी पुस सम्म | २५५००।- | २५२४५।- |
| कृष्ण कुमार थारु | कात्तिक देखी पुस सम्म | १५०००।- | १४८५०।- |
| जम्मा | | | ५१,९७५।- |

४५. **जिन्सी दाखिला -** प्रदेश आर्थिक कार्याविधी ऐन, २०७४ को दफा २४ को उपदफा (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोहि दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहायको जिन्सी खरिद गरी हालसम्म दाखिला गरेको छैन्। जिन्सी मालसामान नियमानुसार दाखिला गर्नुपर्ने रु.

रकम: २,९६,६२२।-

| ब. उ. शी. न. | गो .भौ. न. र मिति | सामानको नाम | रकम |
|---|---|---|---|
| ८०५४८५१०१०९ | ६।२०७६।७।२४ | अफिस दराज, टेबुलहरु (वडा ७ कोकार्यालयमा हस्तान्तरण) | १,५०,०००।- |
| ८०५४८५१०११० | १९।२०७६।७।२५ | 1.5 TON AC Force1800 र 1.0TON AC LK 120GE वडा नं. ५ को कार्यालयमा खरिद | १,४६,२२२।- |

४६. **उपभोक्ता समिति तर्फ**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य मात्र उपभोक्ता समितिवाट गराउन सक्ने र लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

४६.१. **उपभोक्तावाट भवन निर्माण —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिसंग काम गर्ने सम्बन्धमा व्यवस्था छ। त्यस्तै गाउँपालिकाको पाँचौ गाउँसभाबाट पारित निर्णयहरुको बुंदा १६ मा गाउँपालिका अन्तर्गत सञ्चालन हुने विभिन्न योजनाहरुमा १० प्रतिशत श्रमदान हुने गरी योजना सञ्चालन गर्ने र संघ संस्था र विभिन्न सामानको खरिदमा जनश्रमदान नराख्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारका भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउंदा सम्झौतामा उपभोक्ता समितिको लागत सहभागिता रहने गरी निर्माण कार्यको सम्झौता गरेपनि उपभोक्ता समितिवाट जनसहभागिताको अंश प्रयोग हुने अवस्था देखिंदैन । त्यस्तै भवन निर्माण पश्चात गर्नुपर्ने मर्मत सुधार कार्य कसले गर्ने सोको स्पष्ट व्यवस्था गरेको देखिंदैन। त्यस्तै सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने, कार्यसम्पन्न नभएकोमा

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>उपभोक्ता समितिलाई जिम्मेवार बनाई कारवाही नहुने अवस्था देखिन्छ। अतः सार्वजनिक भवन उपभोक्ता समिति मार्फत गरेको नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>सम्पन्न काम</th><th>भुक्तानी</th><th>खर्च शिर्षक</th></tr>
<tr><td>६-०७७/२/२९</td><td>समैदेवी प्रा.वि. भवन निर्माण</td><td>१०७८३१३</td><td>१०७७३१३</td><td>९९९०००</td><td>प्रदेश शसर्त अनुदान</td></tr>
<tr><td>१४-०७७/३/२६</td><td>वि.पि. स्मृती भवन</td><td>१०८५९४०</td><td>१११३३१८</td><td>१००००००</td><td>"</td></tr>
<tr><td>१८-०७७/३/२९</td><td>जनज्योती आधारभूत विद्यालय भवन निर्माण</td><td>१६४८२१८</td><td>१४०२०९८</td><td>१२७५०००</td><td>"</td></tr>
<tr><td>२४-०७६/११/१३</td><td>राधाकृष्ण आधारभू बिद्यालय</td><td>४९४७१८</td><td>४९४७१८</td><td>५०००००</td><td>संघीय सरकार बित्तिय समानिकरण</td></tr>
<tr><td>जम्मा:</td><td></td><td></td><td></td><td>३७७४०००</td><td></td></tr>
</table>
राधाकृष्ण आधारभूत बिद्यालय भवन निर्माणको लागि लागत अनुमान भन्दा बढी भुक्तानी भएको रु. ५,२८२।— समेत असूल हुनुपर्दछ ।</td><td>३७,७४,०००/-</td></tr>
<tr><td>४६.२.</td><td>चेनेज नखुलाएको — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको तयारी गर्दा खुलाउनुपर्ने विषय उल्लेख गरेको छ। जस अनुसार खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्दछ । नमुना छनौटको आधारमा परीक्षण गर्दा कार्यालयले निम्न सडकहरुको लागत अनुमान तयार गर्दा कुन चेनेजमा कार्य गर्ने खुलाएको छैन ।यसरी चेनेज नखुलाई लागत अनुमान तयार गर्दा तोकिएकै ठाउँमा काम भएको र कार्यमा दोहोरोपना छैन भनी आश्वस्त हुन सकिएन। कार्यालयले लागत अनुमान तयार गर्दा चेनेज खुलाएर मात्र कार्य अगाडी बढाउनुपर्दछ ।
<table>
<tr><th>भौ.नं.</th><th>कार्यसम्पन्न प्रतिवेदन अनुसार योजनाको काम</th><th>लागत अनुमान</th><th>मूल्यांकन</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१४८-०७७/३/२९</td><td>खजुरीया गाउँभित्र १ किलोमिटर बाटो कालोपत्रे</td><td>३१,८०,५५८/-</td><td>८,४१,६८०,/-</td><td>७०००००</td></tr>
<tr><td>१५२-०७७/३/२९</td><td>साझाटोल काभ्राको बोट रुख सडक कालोपत्रे</td><td>४१९१०९२/-</td><td>१९९९६३६/-</td><td>१५७४४००</td></tr>
<tr><td>१५३-०७७/३/२०</td><td>सखुवानी डाँडा टोल सडक</td><td>५४०२१५</td><td>६३८४७१</td><td>५०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६.३.</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम खरिद योजना तयार गर्नुपर्ने र नियम ९(१) मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने विषय सम्बन्धमा व्यवस्था छ। पूर्वाधार बिकास तर्फ वडा नं. ४ फर्साटिकर गाउँ भित्रको सडक, पश्चिम महिनैया गाउँभित्र सडक सुविधा नगर सडक र चिउरा मिल जोड्ने बाटोको लागि सभाले रु. ३३ लाख विनियोजन गरेको थियो ।वडा समितिको २०७६।११।३० को निर्णयको आधारमा उक्त योजनालाई टुक्रयाई सुविधानगर सडक कालोपत्रेको लागि १७ लाख र काभ्राको बाटोको लागि १६ लाख रकम छुट्टयाएको देखियो। वडा समितिको निर्णयको आधारमा साझाटोल काभ्राको बोट बाटोको लागि रु.२०,३२,८३९।- लागत अनुमान बनाई २०७७।२।३० मा सम्पन्न गर्नेगरी २०७७।१।२८ मा उपभोक्ता समितिका अध्यक्ष सुनिता थापासंग सम्झौता गरेकोमा योजना कार्यान्वयन नगरी पुनः साझाटोल काभ्राको टोलको रु. ४१,९१,०९२।- लागत अनुमान तयार गरी सोहि उपभोक्ता समितिसंग २०७६।२।८ मा सम्झौता गरी कार्य गराई रु.१९,९९,६३६।- प्राविधिक मूल्यांकनको आधारमा भौ.नं. १५२-०७७।३।२९ बाट रु.१५,७४,४००।- भुक्तानी दिएको छ। विनियोजन बजेटलाई कहिले टुक्रा पार्ने र कहिले अन्य योजनाको रकम ल्याई पटक पटक सम्झौता गर्ने र सम्झौता अनुसार पुरा काम नगरेको र यसरी काम नगरेको अवस्थामा भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.</td><td>१५,७४,४००।-</td></tr>
<tr><td>४६.४.</td><td>लागत अनुमान टुक्रा — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम लागत अनुमान टुक्रा गर्न नहुने व्यवस्था छ। कार्यालयले कार्यक्रम बनाउँदा एउटै योजनाको लागि बडा र गाउँपालिका दुवै तर्फवाट बजेट छुट्याई बजेटको आधारमा एउटै योजनाको लागि अलग अलगत लागत अनुमान, नापी किताब, प्राविधिक मूल्यांकन तथा फरक भौचरवाट खर्च लेखेको छ। योजनाको लागि बजेट टुक्रयाउने, अलग लागत अनुमान तयार गर्ने र खर्च लेखेको उचित देखिंदैन। सभाले बजेट छुट्टयाउँदा एक योजनाको लागि एकमुष्ट बजेट नबनाई छुट्टयाएको साथै लागत अनुमान टुक्रयाई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.</td><td>१४,९६,०८२।-</td></tr>
</table>

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| योजनाको नाम | विनियोजन | लागत अनुमान | प्राविधिक मूल्याङ्कन | भौ.नं. | भुक्तानी | योजना पुस्तिका अनुसार विनियोजन |
|---|---|---|---|---|---|---|
| समैदेवी तारवार तथा बृक्षारोपण | ५०००० | ५५४०२ | ५३९६१ | ३४-०७६/१२/९ | ५०००० | पाना ४१ क सं. १ |
| | ९००००० | १००५०३८ | ४५३५८२ | ४०-०७७/१/३ | ४५३५८२ | पाना ४४ ५(२) |
| कुवारी गाउँभित्र बाटो स्तरोन्नती | ९००००० | ९७००८२ | १००५५३४ | ८९-०७७/३/२१ | ९००००० | पाना ३९ क सं.१० |
| | ९२५०० | १०२७२७ | १०९१२१ | १२६-०७७/३/२१ | ९२५०० | पाना ३४ क.सं. १ |
| | १९४२५०० | | | | १४९६०८२ | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ४६.५. | **लागत अनुमान दर —** लागत अनुमान तयार गर्दा मानिसले काम गर्ने गरी लागत अनुमान तयार भएकोमा मेशिनको प्रयोग गरी मानीसले गर्ने कामको दरमा भुक्तानी दिनु हुँदैन । कार्यालयले सुखला नदी सरसफाई कार्यको लागत रु. ३३,२८,५०३।— तयार गरी २०७७।३।९ मा काम सम्पन्न गर्नुपर्ने गरी सुखला नदी सरसफाई उपभोक्ता समितिसंग २०७७।२।११ मा सम्झौता भएको थियो । लागत अनुमान तयार गर्दा १५ प्रतिशत मानिसले गर्ने कामको रु. ५०।०६ र मेशिनको रु. २९।४५ लाग्ने गरी रु.७९।५१ प्रति घ.मी दर रहेको देखिन्छ । उपभोक्ता समितिले सम्पन्न गरेको कामको नापजाँच गरी ४१९३६.१३ घ.मी सफा गरेको आधारमा गाउँपालिका पूँजीगतको भौ.नं. ६०—०७७।३।३१ बाट रु.३३,२८,५०३।२८ भुक्तानी दिएको छ । लागत अनुमानको दर विश्लेषणको आधारमा डोर हाजिरी रु.२०,९९,३२२।- र मेशिनको रु.१२,३५,०१९।- को विल रहनु पर्ने देखिन्छ। तर उपभोक्ता समितिले पेश गरेको विल भरपाई र डोर हाजिरी अनुसार डोर हाजीरी रु.३,५७,०००।-, एक्साभेटरको रु.२५,६७,६९९।- र डिजेलको विल रु.८,४४,५२६।- पेश भएको छ । मानिसले गर्नुपर्ने काम मेशिनवाट गरेको र मेशिनको लाग्ने रु.१२,३५,०१९।- भन्दा बढी मेशिन र इन्धन को रु.३४,१२,२२५।- विल राखी भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.२१,७७,२०९।- छानविन गरी असूल हुनुपर्ने रु. | २१,७७,२०९।- |
| ४७. | **क्याम्पसलाई अनुदान —** शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा मात्र खर्च गर्न सक्ने व्यवस्था गरेको छ। सो विपरित संघीय सरकार राजश्व बांडफांड शिर्षकवाट प्राप्त रकमबाट यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसलाई भौ.नं. २—२०७६।६।१४ वाट रु.८,००,०००।- र भौ.नं. ५-०७६।२।२६ वाट रु. ५,००,०००।- समेत रु. १३,००,०००।- अनुदान खर्च लेखेको छ। क्याम्पसले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको नियमसम्मत नदेखिएको रु. | १३,००,०००।- |
| ४८. | आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गराउने व्यवस्था उल्लेख छ। कार्यालयले संघीय सरकार राजश्व बांडफांड शिर्षकवाट गोगौली देखि मटेरिया जानेवाटको लागि विनियोजन गरेको रु.३० लाख अनुसार लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा सत्यवत्ति कन्स्ट्रक्सनले कवोल गरेको रु.२५,७२,३३४।- मा सम्झौता गरी कार्य गराईरहेको छ। विनियोजित रकम मध्ये रु.४,२७,६६६।- मौज्दात रहेको भनी कार्यालयको निर्णय वेगर वडा नं. ७ को अनुरोधमा रु.७,०३,१७९।३६ को लागत अनुमान तयार गरी मिति २०७७।३।५ मा उपभोक्ता समितिसंग सम्झौता गरी प्राविधिक मूल्याङ्कन अनुसार रु.७,०८,११३।- काम गरेको देखाई भौ.नं.८—०७७।३।३१ बाट रु.६,५०,०००।- भुक्तानी दिएको छ। विनियोजित बजेट बचत भएको भनी कार्यालयको निर्णय वेगर तथा उपभोक्ता समिति मार्फत कार्य गराएको तथा स्वीकृत रकम भन्दा बढी खर्च लेखेको नियम सम्मत देखिएन रु. | ६,५०,०००।- |
| ४९. | **सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संञ्चालन) निर्देशिका २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि | |

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा सुचना प्रविधि विभागमा पठाउनुपर्ने र विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ ।कार्यालयले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर कार्यसम्पादन, सेवाप्रवाह, लेखा तथा प्रतिवेदनको लागी प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको छ। विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि सूविधा नहुने हुदा स्वीकृत मापदण्डको सफ्टवेयर प्रयोग नहुने देखिन्छ।मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा सेवाप्रवाह गुणस्तरिय र आम्दानी खर्चको विवरण यथार्थ नहुने देखिएको छ। गाउँपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानूनअनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गर्नुपर्दछ।
<table>
<tr><th>आपुर्तीकर्ता</th><th>सफ्टवेयर</th><th>खर्च रकम</th></tr>
<tr><td>गर्भनेन्स अटोमेसन सोलुसन प्रा.लि.</td><td>तलब हिसाब खाता व्यवस्थापन प्रणाली</td><td>४,९२,६४२।-</td></tr>
<tr><td>सांग्रिला इन्फरमेशन प्रा.लि</td><td>सम्पत्ती कर, आय लेखा, राजस्व संकलन</td><td>६,२०,३२०।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११,१२,९६२।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.</td><td>आय व्ययको वर्गीकरण र लेखाङ्कन - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३१ मा आय व्ययको वर्गीकरण र लेखाङ्कन सम्बन्धि व्यवस्था छ। सो व्यवस्था कार्यान्वयनका लागि एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ ले खर्च गर्न विभिन्न खर्च संकेत उल्लेख गरेको छ। नमुना छनोट गरी परीक्षण गर्दा निम्न खर्चको लेखाङ्कन तोकिएको खर्च संकेत बाट गरेको नगरेकाले नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>भौ नं मिति</th><th>खर्च संकेत</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>७४।२०७६-०७-२५</td><td>२२३१५</td><td>छपाई शिर्षक बाट कम्युटर खरिद</td><td>२,२६,५३२।-</td></tr>
<tr><td>८२।२०७६-०८-०६</td><td>२११३९</td><td>अन्य भत्ता बाट कर्मचारी भ्रमण भत्ता</td><td>१२,८००।-</td></tr>
<tr><td>८४।२०७६-०८-०८</td><td>२११३९</td><td>अन्य भत्ता बाट कर्मचारी भ्रमण भत्ता</td><td>३९,८७०।-</td></tr>
<tr><td>२३९।२०७६-३-२१</td><td>२११३१</td><td>स्थानीय भत्ता बाट सरुवा भ्रमण खर्च</td><td>१४,८००।-</td></tr>
<tr><td>१८।२०७६-०६-१२</td><td>२११३१</td><td>स्थानीय भत्ता बाट सरुवा भ्रमण खर्च</td><td>५,०००।-</td></tr>
<tr><td>७३।२०७६-०७-२५</td><td>२११३१</td><td>स्थानीय भत्ता बाट सरुवा भ्रमण खर्च</td><td>१०,०००।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३,०९,००२।-</td></tr>
</table></td><td>३,०९,००२।-</td></tr>
<tr><td>५१.</td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>५१.१.</td><td>विद्यालयगत निकासा रजिष्ट्रर - अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्दछ ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नुपर्नेमा विद्यालयगत निकासा अभिलेख राखेको छैन। विद्यालयलाई निकासा दिनुपर्ने र भुक्तानी दिएको रकमको यथार्थ विवरण प्राप्त गर्न कठिन भएकोले विद्यालयगत निकासा रजिष्टर अद्यावधिक गरी राख्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५१.२.</td><td>सेनिटरी प्याड वितरण - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाख देखि २० लाख सम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिद गर्दा आवश्यकताको पहिचान, खरिदको विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान बनाउनुपर्दछ। सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गर्न छुट्टा छुट्टै सिलबन्दी दरभाउ पत्रबाट मिति २०७७।०३।०८ मा नेपमेड मेडिसीन डिस्ट्रीब्युटर्स ललितपुरसंग सम्झौता गरी २८००० थान प्रति एकाई रु.२७।- का दरले रु.८,५४,२८०।- को र पुनः मिति २०७७।०३।१७ मा होराइजन मेडिसिन डिस्ट्रीब्युटर्ससंग सम्झौता गरी ११९३० थान प्रति एकाई रु.२८ का दरले रु.३,५२,१५३।-गरी कुल रु.१२,०६,४३३।- को सेनिटरी प्याड खरिद गरेको छ। कार्यालयले उपलब्ध गराएको सेनिटरी प्याड वितरणको भर्पाईमा प्रति एकाईका दरले नभई बोराका दरले वितरण गरेको छ। टुक्रा पारी</td><td>१२,०६,४३३</td></tr>
</table>

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | फरक दरमा मौज्दात रहने गरी खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु. | |
| ५१.३. | **यातायात खर्च** - अर्थ मन्त्रालयको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ मा स्थानीय तालिम गोष्ठीको प्रशिक्षणमा सहभागीको यातायात खर्च वापत रु.२००।- का दरले दिनुपर्ने व्यबस्था छ ।कार्यालयले गो भौ नं २०१ (संघिय सरकार राजस्व बाडफाड) मिति २०७७।०२।२५ बाट गा.पा. स्तरीय आधारभुत तह उत्तीर्ण परीक्षा र प्राथमिक तह उत्तीर्ण परिक्षा २०७६, को लागि प्रश्नपत्र निर्माण सम्बन्धी कार्यशालाका सहभागी ३२ जना सहभागीलाई यातायात खर्च वापत रु.४००।- का दरले रु. १२,८००।- भुक्तानी देएको छ। कार्यक्रममा बढी दरमा भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल गर्नु पर्ने रु. | ६,४००।- |
| ५१.४. | **शिक्षक अनुदान** — शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं १.१.३.४ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ । कार्यालयले विभिन्न विद्यालयहरुलाई रु.२०,६२,०००।- अनुदान दिएको छ।गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा संघिय सरकार सःशर्त कार्यक्रमबाट दरबन्दी अनुसारका शिक्षकहरुको तलब भतामा रकम निकासा भएको छ । विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दीनै कायम नभएका शिक्षकलाई तलब भत्ता निकासा दिने उद्वेश्यले कोष स्थापना गरी खर्च लेखेको छ ।शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरि शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर शिक्षक नियुक्ति गर्नुपर्ने रु. | २०,६२,०००।- |
| ५१.५. | **निकासा रोक्का** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा नं. ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुऱ्याई लेखा अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ। फर्साटिकर माध्यामिक विद्यालयमा ल्याब निर्माणको लागि निकाशा गर्दा विल भरपाई वेगर विद्यालयको बैक खातामा गो.भौ.नं. १४५ मिति २०७७।३।३१ बाट रु.५०,००,०००।- ट्रान्सफर गरी निकाशा खर्च लेखेको छ। सो सम्बन्धमा छलफल गर्दा अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट ल्याब निर्माणको मिति २०७७।३।३१ मा अख्तियारी प्राप्त भएको बजेट फ्रिज नगर्ने उद्वेश्यले बैक खाता रोक्का गरेको जवाफ प्राप्त भएको छ। समयमै बजेट निकाशा र खर्च गर्नेतर्फ सम्बन्धीत निकायले ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **स्वास्थ्य तर्फ** | |
| ५२. | **न्यानो झोला कार्यक्रम** - सार्वजनिक खरिद नियमावलीको २०६४ को नियम (३) मा कार्यालयले खरिद गर्दा आवश्यकताको पहिचान,खरिदको विवरण,परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयारीका साथ खरिद योजना बनाउनु पर्दछ। कार्यालयले सुत्केरी तथा नवजात शिशुको सुरक्षाका लागि न्यानो झोला वितरण कार्यक्रमका लागि मिति २०७६।०६।१४ मा आश्रय कन्स्ट्रक्सनबाट १५० थान रु. ७५३।- का दरले रु.१,१२,९५०।- र पुनः गो.भो.नं. ५१, मिति २०७६।११।१५ बाट आश्रय कन्सट्रकसन बाट ३०० थान रु.७५३।- का दरले रु.२,५५,२६७।— गरी जम्मा रु.३,६८,२१७।—खरिद गरेकोमा दाखिला प्रतिवेदन र वितरण भएको भर्पाई पेश गरेको छैन। न्यानो झोला उत्पादनसंग असम्बन्धित आपूर्तीकर्तासंग टुक्रे खरिद गरेको नियमसम्मत नदेखिएको रु. | ३,६८,२१७।— |
| | **सामाजिक सुरक्षा** | |
| ५३. | **तथ्यांक अध्यावधिक** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ । | |
| ५३.१. | **सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ बुदा नं. ३५ मा गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । गाउपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| ५३.२. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको अनुसुची-५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। अध्यावधिक विवरण अनुसार गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ। योवर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु. ६,७१,७०,०००।- खर्च गरेको छ। कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौट भएपश्चात दोश्रो र दोश्रो किस्ता फछ्यौट गरी तेश्रो किस्ता निकासा दिई फछ्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा एक आर्थिक बर्ष सम्म नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्र्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ५३.३. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) अनुसार बैकहरुले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (अनुसुचि १३) चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्य पठाउनुपर्ने उल्लेख छ। यसरी पठाएको विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा बैकहरुले सो अनुसुचि-१३ गाउँपालिकामा पठाएको पाइएन। जसले गर्दा पेश्की दिएको रकम मध्ये कति वितरण भई कति बाँकी रहेको छ भनी एकिन हुन सकिएन। बैंकले कार्याविधिक अनुसारको विवरण तयार गरी पेश गर्नुपर्दछ। | |
| ५३.४. | **लाभग्राही परिचयपत्र** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५को दफा ११ मा लाभग्राहीलाई अनुसूची-११ अनुरुपको परिचय पत्र प्रदान गर्ने व्यवस्था छ। कार्यालयले एम.आइ.एस.बाट प्राप्त भएको परिचय पत्र जारी नगरी लाभग्राही परिचयपत्र छपाई गरी वितरण गरेको छ।अनुसूची अनुरुपको परिचय पत्र वितरण गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| | **पदाधिकारी सुविधा** | |
| ५४. | **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। ऐनको दफा ३ मा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.४८,७८,०००।- सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ | जम्मा |
|---|---|---|---|---|---|---|---|

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जना | |
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | | | ८४०००० | ४३२००० | ८२८००० | २१००००० |
| ३ | टेलिफोन, मोबाइल | ४२००० | ३६००० | २५२००० | २१६००० | ६९०००० | १२३६००० |
| ४ | पुस्तक, पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २५२००० | ५४००० | ५५२००० | ९५४००० |
| ५ | समन्वय तथा सहजीकरण | | | | | | ० |
| ६ | अतिथि सत्कार | ७२००० | ६०००० | ३३६००० | ० | ० | ४६८००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | | | | १२०००० |
| ८ | चाडपर्व खर्च | | | | | | ० |
| | जम्मा | २२२००० | २०४००० | १६८०००० | ७०२००० | २०७०००० | ४८७८००० |

**आन्तरीक आयतर्फ**

कार्यालयको आन्तरिक आयतर्फ देखिएका व्यहोराहरु निम्नानुसार रहेको छ :

५५. **आन्तरिक आय -** कार्यालयले वार्षिक अनुमानित आन्तरिक आय आय रु.१२,७५,५१,४००।- हुने गरी सभावाट आन्तरिक आय प्रक्षेपण गरेकोमा रु.४,६५,८२,३४८।०९ आय भएको गरेको छ।लक्ष्यको तुलनामा रु. ८,०९,६९,०५१।९० न्यून आय भएको छ ।कार्यलयले वहाल विटौरी करमा रु. २,५०,०००।- राजश्व उठाउने लक्ष्य राखेकोमा उल्लेखित शीर्षकमा आयनै भएको छैन।अतः प्रक्षेपित आय उठाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

५५.१. **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। यसवर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन।सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउन ध्यान दिनुपर्दछ।

५५.२. **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ ।कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन करको अभिलेख तयार गरेको छैन। अत मनोरञ्जन करको लगत तयार गरी मनोरञ्जन कर असुल गर्नुपर्दछ।

५५.३. कार्यालयले यो वर्ष नगदी रसिद कट्टा गरी नगदी रसिदको राजस्व आम्दानीको गोस्वारा खाता म.ले.प.फा.नं. २३ तयार गरेको छैन। नगदी रसिद छापी रसिद नियन्त्रण खाता राखेपनि अघिल्लो वर्षको बांकी रसिद र यसवर्ष छपाई गरी वडा कार्यालयहरुमा पठाएको रसिदको दोस्रो प्रति कार्यालयमा प्राप्त गरी दैनिक रुपमा काटिएका नगदी रसिदहरुको अभिलेख तयार गरेको छैन। त्यस्तै बैंकमा दाखिला भएको रकमको आधारमा गोश्वार भौचर उठाएको देखिन्छ। दैनिक जोडजम्मा गर्दै मासिक जोड जम्मा गरी वार्षिक रुपमा स्पष्ट देखिने गरी राजश्व प्राप्त भएको अभिलेख तयार नगरेकोले कार्यालयले प्राप्त गर्नुपर्ने राजश्व रकम सम्बन्धमा यकिन गर्न सकिएन ।

५५.४. **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८७९०२५८४ | ४६५८२३४८ | १२ |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १२ प्रतिशत मात्र रहेको छ। त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ५६. | **कोभिड १९ व्यवस्थापन** | |
| ५६.१. | **आम्दानीको स्रोत र खर्च -** कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा कार्यालयले पेश गरेको विवरण अनुसार आर्थिक वर्षको मसान्त सम्म रु. ४४,०६,७३५।०४ आम्दानी प्राप्त गरी रु. ३६,३८,७८४।- खर्च गरेको छ ।जसको विवरण देहायअनुसार रहेको छ : | |

| आम्दानीको स्रोत | प्राप्त रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषबाट | | राहत वितरण | १४०९६४९ |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | २०००००० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ६४२०७० |
| संघिय कोभिड कोषबाट | ३९०००० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ०।०० |
| प्रदेश कोभिड कोषबाट | १०००००० | जनशक्ति परिचालन | १२००००० |
| अन्य स्रोतबाट प्राप्त आय | १०१६७३५.०४ | औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | |
| | | अन्य खर्च | ३८७०६५ |
| जम्मा | ४४०६७३५.०४ | जम्मा | ३६३८७८४ |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| ५६.२. | **जोखिम भत्ता -** नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जिखिम भत्ता व्यवस्थापन आदेश,२०७७ को बुंदा ७(ङ) मा,अनुगमन मुल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५० प्रतिशत र कन्ट्र्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेनटिनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ। कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मीलाई जोखिम भत्ता वापत रु.६,२५,६३७।- खर्च लेखेको छ । | |
| ५६.३. | **राहत सामग्रीको खरिद र वितरण -** लकडाउनको अवधिमा कार्यालयले देहायका राहत सामाग्री रु. १४,०९,६४९।- मा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ। पालिकाले सबै राहत सामानहरुको मुल्य खुल्ने गरी विवरण तयार नगरेकोले मुल्य र परिमाण विच तुलना गर्न सकिएन। पेश भएको विवरणमा खरिद र वितरण परिमाण भएपनि वितरणको अवस्था खुल्ने गरी भरपाई तयार नगरेकोले वास्तविक पिडितले मात्र राहत प्राप्त गरे भनी आश्वस्त हुन सकिएन। | |

| राहत सामग्री | ईकाइ | खरिद परिमाण | प्रतिईकाइ दर | रकम | वितरण परिमाण | बाँकी परिमाण | गुणस्तरमा सिकायत छ । छैन |
|---|---|---|---|---|---|---|---|
| नुन | के.जि. | ८४८ | २२.५० | १९०८० | ८४८ | ० | छेन |
| दाल | के.जि. | १६८४ | ९१.५ | १५४०८६ | १६८४ | ० | छेन |
| खाने तोरी तेल | लि. | ८५७ | ६८ | १४३९७६ | ८५७ | ० | छेन |
| लाईफ बोय साबुन | पिस | ८४८ | ३०.५ | २५८६४ | ८४८ | ० | छेन |
| वडिनरी माक्स ग्लोभस र सेनिटाईजर समेत | | ३८०६ | | १५७२०० | ३८०६ | ० | छैन |
| गोरखनाथ चामल | के.जि. | १०००० | ४५ | ४५०००० | १०००० | ० | छेन |
| सावा चामल | के.जि. | ५६२० | ५० | २८१००० | ५६२० | ० | छैन |
| के एन ९५ मस्क | पिस | ७१४ | २४९.९२ | १७८४४३ | ७१४ | ० | छैन |
| जम्मा | | | | १४०९६४९ | | | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | पालिकाले ७ वटा वडाको ८९६ घरधुरीका करीब ४४८० जनसंख्यालाई चामल, दाल, चिउरा, नुन, तेल र साबुन वितरण गरेको छ । राहत सामाागी खरिद गर्दा विभिन्न वडाहरुले फरक फरक दरमा खरिद गरि वितरण गरेकाले खरिदमा एकरुपता देखिएन। | |
| ५६.४. | **परीक्षण -** कार्यालयले संक्रमण अवधिभर प्राथमिकिकरण गरी सबै क्षेत्रमा गरेको परीक्षण संख्या ६४७ मध्ये ९३ संक्रमित फेला परेको देखिन्छ ।परीक्षण र सो को दर देहाय अनुसार रहेको देखिन्छ : | |

| सि.नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|

| महिना | सबै क्षेत्रमा गरेको कुल परिक्षण संख्या | | Pripity 1 क्षेत्रमा गरेको परीक्षण संख्या | | Pripity2क्षेत्रमा गरेको परीक्षण संख्या | |
|---|---|---|---|---|---|---|
| | परीक्षण संख्या | संक्रमित संख्या | परीक्षण संख्या | संक्रमित संख्या | परीक्षण संख्या | संक्रमित संख्या |
| २०७७ बैशाख | २४५ | ४५ | ० | ० | ० | ० |
| २०७७ जेष्ठ | २३७ | १५ | ० | ० | ० | ० |
| २०७७ असार | १६५ | ३३ | ० | ० | ० | ० |
| जम्मा | ६४७ | ९३ | | | | |

५६.५. **वार्षिक प्रतिवेदन** - विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सोको प्रतिवेदन तयारी सम्बन्धित पक्ष समक्ष पेश गरेको पाइएन । ऐनमा भएको प्रावधानको पालना गर्नुपर्दछ ।

५७. **पेश्की बाँकी** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले निम्न निर्माण व्यवसायीहरुलाई रु. ३१,२०,०००।— पेश्की दिएको छ । तोकिएको समयमा कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

| मिति | पेश्की पाउने | पेश्की रकम रु. |
|---|---|---|
| २०७७-२-१५ | तारा यु.के.कन्स्ट्रक्सन प्रा.लि. | ५,९७,०००।- |
| २०७७-३-७ | मुक्ति कन्स्ट्रक्सन प्रा.लि. | ४७,५१,०००।- |
| २०७७-३-३ | नारायण निर्माण सेवा | १०,१९,०००।- |
| २०७७-३-८ | गौतम निर्माण सेवा | २,०३,०००।- |
| २०७६-८-६ | खेम तारा कन्स्ट्रक्सन | ६,५०,०००।- |
| **जम्मा** | | **७२,२०,०००।-** |

५८. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७५।७६ सम्मको बाँकी रहेको बेरुजु रु. ४१७७५८४९।२० मध्ये यो बर्ष रु. ४६,८८,२३५।- कार्यालयबाट फछ्यौट भई रु. ३७,०८७,६१४।२ बाँकी रहेकोमा यस बर्ष रु. २,६९,५३,३८५।- थप भई रु. ६,४०,४०,९९९।२० पुगेको छ। बाँकी बेरुजु समयमै फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

| गत बर्षसम्मको फछ्यौट गर्न बाँकी रु. | यस बर्ष फछ्यौट रु. | बाँकी बेरुजु रु. | यो बर्षको सं.पबाट कायम बेरुजु रु. | यो बर्षको कायम बेरुजु रु. | बाँकी |
|---|---|---|---|---|---|
| ४,१७,७५,८४९।२० | ४६,८८,२३५।- | ३७,०८७,६१४।२० | ०।०० | २,६९,५३,३८५।- | ६,४०,४०,९९९।२० |

# शुद्धोधन गाउँपालिका
# सञ्चित कोष विवरण
# आर्थिक वर्ष २०७६/७७

अनुसुची-१

(रु. हजारमा)

| क.स. | स्थानिय तह | जिल्ला | आय | | | | | जम्मा आय | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाँडफाड रकम | आन्तरिक आय | अन्य आय | | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | शुद्धोधन गाउँपालिका | रुपन्देही | ५३४३२ | ३८७९७५ | ५७३३९ | ४६५८२ | ३१९१२ | ५२३८०८ | २९९२५६ | १३५२२९ | ३९४२५ | ४७३९१० | १०३३३० |

## बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

अनुसुची-२

(रु. हजारमा)

| क. स. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | रुपन्देही | शुद्धोधन गाउँपालिका | ७४ | २९ | ३६५७९ | ० | ७ | ९६२६ | ७४ | २२ | २६९५३ | २६२३ | २२७९५ | १५३५ | ० | ० | २४३३० | ० | ० | ० |

## अद्यावधिक बेरुजु स्थिती

अनुसुची-३

(रु. हजारमा)

| क.स. | स्थानीय तहको नाम | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाँकी | यो बर्ष सं.प.बाट कायम भएको बेरुजु | यो बर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | शुद्धोधन गाउँपालिका | रुपन्देही | ४१७७६ | ४६८८ | ३७०८८ | ० | २६९५३ | ६४०४१ |